जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक नं. १८

आज मिति २०८२ साल बैशाख ३१ गते बुधबारका दिन दिउँसो ५:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

CamScanner

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वियन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वियन समीक्षा गर्दा निर्णय कार्यान्वियनको अवस्था सन्तोषजनक पाईयो ।

प्रस्ताव नं. २ :- आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरूको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदनको समीक्षा गरियो र अनुगमनको क्रममा फेला परेका समस्या, कमजोरी तथा सुधारका सुझावहरु सहित आयोजना/कार्यक्रम कार्यान्वियन गर्ने पक्षलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ :- विषयगत समितिका प्रगति प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको लेखा समिति, विधायन समिति, सुशासन तथा संस्थागत विकास समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समितिका हालसम्मका प्रगति प्रतिवेदन उपर छलफल तथा समीक्षा गरी आवश्यक सुझाव प्रदान गरियो ।

प्रस्ताव नं. ४ :- सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन कार्यका लागि प्रस्ताव स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन कार्य गर्नका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको प.सं. २०८१।०८२, च.नं. ७८७, मिति २०८२।०१।२८ गतेको प्राप्त पत्रसाथ संलग्न प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने र आर्थिक प्रस्ताव बमोजिम यस गाउँपालिकाबाट रु. ४,३५,०००।– (अक्षेरुपी चार लाख पैंतीस हजार मात्र।) लागत साझेदारीमा सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन कार्य गर्ने/गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ :- गाउँ सभाको १६ औँ अधिवेशन सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको गाउँ सभाको १६ औँ अधिवेशनको पहिलो बैठक मिति २०८२।०२।१२ गते विहान ११:०० बजे, जानकी-१, दुर्गौली स्थित स्मार्ट हलमा बस्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ :- स्थानीय सेवा पुरस्कार सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ माथि दफावार छलफल गरी पारित गरियो ।

82.09.31

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।३१

गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. ७ :- आ.व. २०८२।०८३ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम सम्बन्धी मिति २०८२।०१।२५ को सूचना अनुसार आर्थिक वर्ष २०८२।०८३ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजना/कार्यक्रम माग गर्ने प्रस्ताव सहित विवरणहरु संघीय मामिला तथा सामान्य मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईमा पठाउने निर्णय गरियो । साथै तपसिलका आयोजनाको लागि जानकी गाउँपालिकाले स्थानीय तहबाट बेहोरिने कुल लागतको १०% जानकी गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**तपसिल:-**

| क्र. स. | प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | आयोजना स्थल | अनुमानित लागत | | | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रिय अनुदान (कुल लागतको ९०%) | स्थानीय तहबाट बेहोरिने रकम रु.(कुल लागतको १०%) | कुल लागत | | |
| १. | दुर्गौली-झाप्टी-मुनुवा सडक कालोपत्रे | जानकी -१ र ४ | ३,११,२३,६१८।६५ | ३४,५८,१७९।८५ | ३,४५,८१,७९८।५ | बोलपत्र | |
| २. | पारि नयाँ लायकपुर चोक -भगतपुर सडक कालोपत्रे | जानकी -३ | ३,८८,४४,८२१।७ | ४३,१६,०९१।३ | ४,३१,६०,९१३।० | बोलपत्र | |
| ३. | रामपुर चोक देखि -भिया सडक कालोपत्रे | जानकी -७ | ३,७८,८९,८०३।२६ | ४२,०९,९७८।१४ | ४,२०,९९,७८१।४ | बोलपत्र | |

**प्रस्ताव नं. ८ :- जग्गा नापनक्सामा खटिने कर्मचारीहरुको खाजा नास्ता व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिकामा रहेका भूमिहीन दलित , भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापनक्सा गर्न खटिने नापी टोलीलाई कार्यालय समय भन्दा अघि पछि समेत फिल्डमा काम गर्नुपर्ने भएकोले जग्गा नापनक्सा कार्यमा खटिने भूमि समस्या समाधान आयोग र यस गाउँपालिकाको भूमि शाखाका सबै कर्मचारीहरुलाई २०८२।०२।०१ देखि लागु हुने गरि खाना नास्ता बापत दैनिक रु ५००।– (अक्षेरुपी पाँच सय मात्र ।) का दरले हुन आउने एकमुष्ठ रकम मासिक रुपमा भुक्तानी गर्ने निर्णय गरियो ।

आशिाज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

गाउँपालिकाको ... कैलाली ...

**प्रस्ताव नं. ९ :- नापनक्साको लागि जग्गा पहिचान र छनौट सम्बन्धमा ।**

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ५ अन्तर्गत बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई वितरण र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न योग्य तपसिल बमोजिमको ऐलानी, पर्ती, नदी उकास लगायतका सरकारी जग्गा र साविकको वन क्षेत्र जनिएको भए पनि आबादीमा परिणत भएको जग्गा नापनक्साको लागि पहिचान र छनौट गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र. सं. | साविक गा.वि.स/ वडा नं. | हालको गाउँपालिका/ वडा नं. | गाउँ/ब्लक | साविक कित्ता नं. | तहगत क्षेत्र | चौहद्दी | | | | जग्गाको प्रकृति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पू. | प. | उ. | द. | साविक | हाल | |
| १ | पथरैया-५ | जानकी-५ | नवलपुर | ६२१ | ग्रामिण | ६७६ | ३१७ | ६६८ | ३५६ | जंगल | आवादी | |
| २ | पथरैया-५ | जानकी-५ | गुजेरुवा | १४९ | ग्रामिण | बाटो | १५५ | १२९ | बाटो | जंगल | आवादी | |
| ३ | पथरैया-५ | जानकी-५ | पथरैया | १२४ | ग्रामिण | ४७९ | ६०४ | नदी | ४९८ | पर्ती | आवादी | |
| ४ | पथरैया-५ | जानकी-५ | गमुवान | १२९ | ग्रामिण | बाटो | ४७९ | ८६८ | ११२ | पर्ती | आवादी | |
| ५ | पथरैया-६ | जानकी-५ | भुटैया | २७३ | ग्रामिण | बाटो | नदी | बाटो | १५५ | | आवादी | |
| ६ | पथरैया-६ | जानकी-५ | पथरैया | ८९ | ग्रामिण | नदी | बाटो | ८८ | बाटो | पर्ती | आवादी | |
| ७ | पथरैया-६ | जानकी-५ | भुटैया | ४० | ग्रामिण | नदी | बाटो | बाटो | ३६० | पर्ती | आवादी | |
| ८ | पथरैया-६ | जानकी-५ | कुट्टी | ९० | ग्रामिण | ४५८ | नदी | बाटो | १५५ | पर्ती | आवादी | |
| ९ | पथरैया-५ | जानकी-५ | पथरैया | २० | ग्रामिण | नदी | नदी | बाटो | ६८१ | पर्ती | आवादी | |
| १० | पथरैया-४ | जानकी-५ | उत्तर चौकिदरान | ७४ | ग्रामिण | बाटो | ३८१ | ३७८ | २०६ | पर्ती | आवादी | |
| ११ | पथरैया-४ | जानकी-५ | उत्तर | ७२ | ग्रामिण | ९८ | बाटो | बाटो | ४६९ | पर्ती | आवादी | |
| १२ | पथरैया-३ | जानकी-५ | गौढी | ७७ | ग्रामिण | ८३ | बाटो | बाटो | १५९० | पर्ती | आवादी | |
| १३ | पथरैया-३ | जानकी-५ | अमौरा | ९ | ग्रामिण | बाटो | बाटो | बाटो | बाटो | पर्ती | आवादी | |
| १४ | पथरैया-३ | जानकी-५ | अमौरा | ७७१ | ग्रामिण | बाटो | ८७० | बाटो | बाटो | पर्ती | आवादी | |
| १५ | पथरैया-२ | जानकी-५ | फरेडा | १६२ | ग्रामिण | बाटो | २८६ | बाटो | १४ | जंगल | आवादी | |
| १६ | पथरैया-२ | जानकी-५ | फरेडा | २९ | ग्रामिण | ७०२ | १९८४ | बाटो | २ नं. सिमाना | जंगल | आवादी | |
| १७ | पथरैया-२ | जानकी-५ | अमौरा | ८४२ | ग्रामिण | बाटो | ४९ | बाटो | बाटो | पर्ती | आवादी | |
| १८ | पथरैया-२ | जानकी-५ | अमौरी | ८७ | ग्रामिण | १०४२ | बाटो | बाटो | ६६१ | जंगल | आवादी | |
| १९ | पथरैया-१ | जानकी-५ | अमौरी सुकम्बासी टोल | ८८ | ग्रामिण | बाटो | ३७७ | लम्की | नदि | जंगल | आवादी | |

८१.०९.२९
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/९/२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. १० :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु तथा पुँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वयनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संशोधित आयोजना मा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण कार्यक्रम, दिवस, समरोह, जात्रा, पर्व, स्थानीय धर्म सँस्कृति पहिचान कार्यक्रम | १३,००,०००।- | १. | सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन | गाउँपालिका | ४,३५,०००।- | सोझै खरिद (G2G) | ७,००,०००।- | |
| | | | २. | झार नासक औषधी खरिद | जानकी गाउँपालिका | १,६५,०००।- | कार्यालय | | |
| २. | प्रशासकीय भवन निर्माण | ३,००,००,०००।- | ३. | धर्मापुर नेहा मेडिकल देखि रगरगंज टोल रामदुलारे चौधरीको घरसम्म ग्राभेल | जानकी गाउँपालिका | १०,००,०००।- | सोझै खरिद | १,९६,७०,०००।- | २,०६,७०,०००।– खर्च भैसकेको |

**प्रस्ताव नं. ११ :- अधिवक्ता गंगाराम पाध्यायलाई बहस पैरवी गरेको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा वादी जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ७ बस्ने जोखन डगौरा थारु र प्रतिवादी यस जानकी गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष कमल महतो समेत भएको निषेधज्ञा मुद्दा नं. ०८०-WO-००४६ मा यस गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष कमल महतोको तर्फबाट समेत लिखित जवाफ मस्यौदा गरेको, बहस पैरवी गरेको र वारेश भई तारेख लिए बापत अधिवक्ता श्री गंगाराम पाध्याय (प्र.प्र.नं. ९७४५) ले पारिश्रमिक पाउँ भनी मिति २०८२।०२।०९ गते निवेदन पेश गर्नु भएकोले निजलाई उक्त मुद्दाको बहस पैरवी गरेवापत एकमुष्ट रकम रु. ३५,०००।– (अक्षेरुपी पैंतीस हजार मात्र ।) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :- बालमैत्री स्थानीय शासन (CFLG ) सूचक सरलिकरण/स्थानीयकरण (Localization ) सम्वन्धमा ।**

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका समझदारी तथा प्रतिवद्धता कार्यान्वयन गर्ने सन्दर्भमा बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका मूलभूत विषयलाई सम्वोधन गरी बाल अधिकार सुनिश्चित गर्न बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धनको अभियानलाई सार्थक वनाउन तथा २०८३ माघ मसान्त सम्ममा यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको कार्य गर्ने/गराउने प्रकृया कार्यान्वयन गर्न गराउन बालमैत्री स्थानीय शासन सूचक सरलीकरणको तपसील वमोजिमको अन्तिम मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो ।

२८.०१.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।३१
गणेश चौधरी
अध्यक्ष

CamScanner

तपसिल:-

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ परिच्छेद-४ पूर्व तयारी चरणको तहगत खुडकिला नं. ५ बमोजिम जानकी गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा मिति २०८२ बैशाख ३१ गते बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलीकरण (स्थानीयकरण) गरिएका सूचकहरुको विवरण ।

| क.स. | सेवाप्रवाह सम्बन्धी स्वास्थ्य क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने। | - गर्भवती तथा सुत्केरी संख्या एकीन भएको<br>- गर्भवती, सुत्केरी ८ र ४ पटक जाँच गराएको<br>- आमा र नव शिशूको स्वास्थ्य जाँच गराउने सुत्केरीको रेकर्ड भएको। | • गर्भवती संख्या संकलन गर्ने ।<br>• ८ पटक गर्भ जाँच गर्ने ।<br>• हरेक आमा संस्थागत सुत्केरी गराउने ।<br>• हरेक सुत्केरी आमा र बच्चाको ४ पटक PNC जाँच गर्ने । |
| २ | गर्भवती महिलाले टि डी विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने। | - गर्भवती सँख्या यकीन भएको<br>- गर्भवतीले टि.डि २+ लगाएको कार्डको सहयोगमा रजिष्टरमा दर्ता भएको | • हरेक गर्भवती महिला पत्ता लगाई स्वास्थ्य संस्थामा दर्ता गरी राख्ने ।<br>• खोप केन्द्र र आमा समुहमा टी डी खोप बारे छलफल गर्ने र हरेक गर्भवतीलाई खोप लगाउने । |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने । | - गर्भवती र ४५ दिनको सुत्केरी सँख्या भएको<br>- सुत्केरी पूर्व १८० ओटा आइरन चक्की र सुत्केरी पछि ४५ ओटा आईरन चक्की (जम्मा २२५ वटा) खाएको महिलाको सँख्या रेकर्ड भएको<br>- मातृशिशु रजिष्टरमा रेकर्ड भएको<br>- स्वास्थ्य संख्यामा आइरन चक्की मौज्दात यकीन हुने<br>- नीजीक्षेत्रको सेवा यकीन भएको हुने | • गर्भवती महिला थाहा हुने वित्तिकै महिला स्वास्थ स्वयंसेविका द्धारा स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।<br>• आइरन चक्की खाएको अनुगमन गर्ने (FCHV द्धारा) |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराइएको हुनुपर्ने । | - जम्मा गर्भवतीको सँख्या यकीन भएको<br>- प्रसुती केन्द्र भएको सँख्या<br>- स्वास्थ्य संस्थामा दक्ष प्रसुती स्वास्थ्यकर्मी बाट सुत्केरी भएको सँख्या<br>- मातृसेवा रजिष्टरमा दर्ता भएको<br>- घरमा सुत्केरी भएको सँख्या | Birthing center मा SBA तालिम प्राप्त नर्सिङ्ग कर्मचारीद्धारा सुत्केरी गराउने व्यवस्था गर्ने । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने । | - ६ महिना सम्मको बालवालिका संख्या एकिन भएको।<br>- एक आर्थिक वर्ष भित्र ६ महिना देखि १ वर्ष सम्मको सुत्केरी भएको आमा संख्या।<br>- जन्मिएको १ घण्टाभित्र आमाको दुध (बिगौती) खाएको नवशिशुको संख्या भएको। | गाउँघरका क्लिनिक र आमा समूहमा पूर्ण स्तनपान सम्बन्धी अभिमुखिकरण गर्ने । |

२०८२.०१.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।३१
गणेश चौधरी
अध्यक्ष

CamScanner

गौरी... गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उँगाली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | - ६ महिना सम्म आमाको दुध मात्र खाएको शिशुको संख्या भएको ।<br>- पोषण सेवा रजिष्टरमा दर्ता भएको<br>- स्तनपान कक्षको व्यवस्था भएको । | |
| ६ | ६ महिनादेखि ५ वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने । | - ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाको संख्या यकीन भएको ।<br>- ६ महिना देखि ५ वर्ष सम्मका भिटामिन ए खाएको बालबालिकाको संख्या भएको ।<br>- १ देखि ५ वर्ष मुनिको जुकाको औषधी खाएका बालबालिकाहरुको संख्या भएको ।<br>- स्वास्थ्य संस्थाको प्रतिवेदन भएको । | • ६ देखि ५९ महिनाका बालबालिकाहरुको विवरण संकलन गर्ने<br>• कार्तिक र बैशाख महिनामा भिटामिन ए क्याप्सुल तथा जुकाको औषधि खुवाउने र अभियान संचालन गर्ने । |
| ७ | २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारकले तोकेका सबै र पूर्णखोप प्राप्त गरी पूर्णखोप घोषणा भएको हुनेछ । | - १६ देखि २३ महिना भित्रका बालबालिकाको संख्या भएको ।<br>- घरधुरी सर्भेक्षण प्रतिवेदन भएको ।<br>- पूर्ण खोप कार्ड भएको ।<br>- खोप रजिष्टरमा दर्ता भएको।<br>- पूर्णखोप घोषणा भएको ।<br>- पूर्ण खोप सुनिश्चित अध्यावधिक भएको । | • घरधुरी सर्वेक्षण मार्फत पूर्ण खोपकार्डको अनुगमन गरी पूर्णखोप लगाएको बालबलिकाहरुको संख्या अध्यावधिक गर्ने र पूर्ण खोप नपाएको बालबालिकाहरुलाई पूर्ण खोप लगाउने व्यवस्था गर्ने । हरेक वर्ष पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने । |
| ८ | HIV संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन । | - एचसंक्रमित .भी.आई. गर्भवती आमा पहिचान भएको ।<br>- एचसंक्रमित .भी.आई. आमाबाट जन्मिएको बालबालिकाको संख्या पहिचान भएको ।<br>- एभी .आर. प्रोफाईलल्याक्सीस लिने बालबालिका संख्या भएको।<br>- PMTCT KIT को उपलब्धता सुनिश्चित भएको । | • हरेक HIV संक्रमित आमाबाट जन्मने बाबालिकाहरुलाई ART Center मा ARV Prophylaxis खुवाउने व्यवस्थापन गर्ने । |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नून प्रयोग गरेका हुनेछन । | -घरधुरी संख्या यकीन भएको हुने।<br>-आयोडीन युक्त नून प्रयोग गरेको घरधुरी ।<br>-कार्यक्रम सञ्चालन तथा अनुगमन गरेको हुने । | • आमा समूह तथा समुदायमा आयोडिन नुन प्रयोग बारे अन्तर्क्रिया गर्ने । |
| १० | कमतौल, पुडको र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । | -५ वर्ष मुनिका बालबालिकाको संख्या यकीन हुने ।<br>-संख्यामा कमी ल्याउने कार्य सञ्चालन गरेको हुने ।<br>-कमतौल, ख्याउटेपन, पुडकेपन | • गाउँघरक्लिनिक, ओ.डी.पि.मा नियमित वृद्धि अनुगमन गर्ने र पोषण सम्बन्धि परापर्श गर्ने ।<br>• नियमित वृद्धिअनुगमन गर्ने । |

२०७९.०९.३१
आशिष चौधरी
प्रशासकीय अधिकृत

२०७९।०९।३१

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुलसीपुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | भएका बालबालिका यकीन भएको । -बालबालिकाको पोषण मापन भएको हुने । -पोषण करनरको व्यवस्था गरेको हुने । | |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | -अति कडा कुपोषित बालबालिकाको स्ख्या यकीन हुने । शुन्यमा ल्याउने कार्य सञ्चालन -गरेको रेकर्ड हुने । -otc center मा उठाएको हुने। | • आमा समूह, गाउँघरक्लिनिक, ओकडा कुपोषित मा .डी.पि. बालबालिकाहरुको पहिचान गरी OTC मा भर्ना गर्न र उपचार गर्ने । • आमा समूहमा कुपोषण सम्बन्धी अन्तक्रिया गर्ने । |
| १२ | स्वास्थ्य व्यवस्थापन समितिमा बालसमूह संजालको प्रतिनिधित्व हुनेछ । | - बालसहभागीताका लागि स्वा.व्य.स.को निर्णय भएको । - स्वास्थ्य व्यवस्थापन समितिको बैठकमा आमन्त्रित अर्थपूर्ण बाल सहभागिता गरेको । - बाल आवाजको उचित सुनुवाई भएको । | स्वास्थ व्यवस्थापन समितिमा बालसमूह संजालको प्रतिनिधित्व अनिवार्य हुने व्यवस्था गर्ने |

| क.स. | सेवाप्रवाह सम्बन्धी शिक्षा क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउ दर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने )। | -बालविकास केन्द्रमा तालिम प्राप्त सहजकर्ता भएको हुने । -बालविकास केन्द्रको अव्था अनुगमन भएको हुने । -३ देखि ४ वर्ष सम्मका बालबालिकाको संख्या भएको । -३ देखि ४ वर्ष सम्मको बालविकास केन्द्रमा जाने बालबालिकाको संख्या भएको । -बालविकास केन्द्रमा भर्ना अभिलेख भएको । -अलग शोचालय भएको । -बालमैत्री खानेपानीको धारा भएको । -दिवा खाजाको व्यवस्था भएको । -फरक क्षमता मैत्री भएको । - सिकाई सामाग्रीको व्यवस्था भएको हुने । - सिकाई उपलब्धि मापन भएको हुने । | • घरदैलो कार्यक्रम गर्ने । • विद्यार्थी संख्या संकलन गर्ने । • दिवाखाजाको व्यवस्था गर्ने । • ६।६ महिनामा अभिभावकसँग अन्तरक्रिया गर्ने । |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा ( कक्षा १ देखि ८ ) पुरा गरेका हुनेछन । | -सेवा क्षेत्र भित्रका ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाको संख्या भएको । -कक्षा १ देखि ८ सम्म भर्ना र उत्तीर्ण भएको संख्या अभिलेख भएको । -बोलाउ, सिकाउ, टिकाउ, बिकाउ अवधारणा अवलम्बन गरेको । | • सिकाइ उपलब्धि मापन गर्ने । • विद्यार्थी संख्या एकिन गर्ने । • खाजा, छात्रवृतिको व्यवस्था गर्ने । |

२०.०९.२९ आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०९।२९
गणेश चौधरी

| | | | |
|---|---|---|---|
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्र छात्राको लागि अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ। | -विद्यालयका शौचालयहरुको अवस्था अनुगमन भएको<br>-छात्रा मैत्री (सेनेटरी प्याडको उचित व्यवस्थापन सहितको) शोचालय भएको विद्यालय संख्या यकीन भएको।<br>-सम्पर्क शिक्षकको व्यवस्था भएको।<br>-प्याडको उचित विर्सजन भएको। | • छात्रा छात्रको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने।<br>• शौचालयको नियमित रुपमा सरसफाई गर्ने<br>• शुद्ध खानेपानीको व्यवस्था गर्ने। |
| ४ | सबै विद्यालयका पूर्वाधार( कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित भएका हुनेछन्। | -शिक्षा शाखा द्धारा विद्यालयको अवस्था अनुगमन भएको हुने।<br>-प्रतिवेदन तयार गरेको हुने।<br>-पूर्वाधार निर्माण भएको हुने।<br>-विद्यार्थीको संख्यानुसार कक्षा कोठाको व्यवस्था भएको हुने।<br>- बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित भएका हुने।<br>-विद्यालयमा पर्खाल वा घेरावारको व्यवस्था भएको हुने।<br>-खेलमैदान, फुलबारी भएको हुने।<br>-कक्षा कोठा र फर्निचर बालमैत्री भएको हुने। | • भौतिक पूर्वाधारको विकास गर्ने।<br>• चौकिदारको व्यवस्था गर्ने।<br>• सि.सि. क्यामेरा जडान गर्ने।<br>• सबै पूर्वाधारलाई बालमैत्री र अपांगतामैत्री बनाउने। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम संचालन भएको हुनेछ। | -विद्यालयहरुले बालसहभागितामा वार्षिक कार्य तालिका बनाएको।<br>-महिनाको कम्तीमा ३ पटक अतिरिक्त क्रियाकलाप गर्ने विद्यायको संख्या भएको।<br>-अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको अभिलेख।<br>-अतिरिक्त क्रियाकलाप क्यालेन्डर वि.व्य.स.द्धारा प्रमाणित भएको।<br>-वार्षिक शैक्षिक क्यालेन्डर तयार भएको हुने। | • वार्षिक कार्ययोजनामा अतिरिक्त क्रियाकलाप समावेश गर्ने।<br>• उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको जिम्मेवार वाडफाँड गर्ने। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन्। | -विद्यालयहरुले व्यवस्था गरेको हुने।<br>-फोहर नियमित संकलन र उचित विर्सजन गरेको हुने।<br>-कक्षा कोठामा डस्टविनको व्यवस्था भएको हुने।<br>-फोहर वर्गिकरण डस्टवीन तथा चार्ट तयार गरेको हुने।<br>-खाडलको व्यवस्था गरेको हुने। | • कुहिने र नकुहिने फोहोर राख्न छुट्टाछुटै डस्टविन र खाल्डोको व्यवस्था गर्ने।<br>• फोहोर व्यवस्थापन गर्न विद्यार्थी समूह बनाइ जिम्मेवारी दिने।<br>• |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन्। | -बालविकास केन्द्रको अवस्था अनुगमन भएको<br>-बालविकास केन्द्रको व्यवस्थापन समितिको नियमित बैठक बस्ने गरेको।<br>-बालविकास केन्द्रको व्यवस्थापन गरेको मापदण्डको निर्माण र पालना भएको। | • श्रव्यदृश्य सामग्री व्यवस्थापन गर्ने<br>• आरामदायी बसाइ (कुर्सी, कार्पेट) व्यवस्था गर्ने<br>• खानेपानी धारा र शौचालय व्यवस्थापन गर्ने |

२०८२.०१.२१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/२१
गणेश चौधरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरण मैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा संचालन गरेका हुनेछन । | -वि.व्य.स.को निर्णय भएको। -बालमैत्री वातावरण सुनिश्चित हुने योजना भएको। -बाल केन्द्रित विपतको पूर्व सावधान सचेतना सत्र सञ्चालन गरेको हुने । -विद्यालयको कक्षा सञ्चालन तालिका बनाई सञ्चालन गरेको हुने । | • स्थानीय पाठ्क्रममा विपत बारे पाठ्यवस्तु समावेश गर्ने • अभिमुखिकरण र तालिम सञ्चालन गर्ने |
| ९ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन । | -मापदण्ड तयार र कार्यान्वयन गरेको हुने | • बालमैत्री सवारीसाधन व्यवस्थापन गर्ने • मापदण्ड तयार गर्ने |
| १० | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | -विद्यालयको लिखित प्रतिबद्धता भएको -विद्यालयको बालसमूह द्धारा पुष्ट्याई भएको -शिक्षा शाखा द्धारा प्रमाणित भएको हुने । | • वि.व्य.स. बैठकमा आमन्त्रित सदस्यका रुपमा व्यवस्थापन गर्ने • प्रतिवद्धता पत्र विद्यालयमा टाँस गर्ने |
| ११ | पाँच कक्षा भन्दामाथि अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व रहनेछ । | -बालसहभागिताका लागि वि.व्य.स.को निर्णय भएको । -विद्यालयमा आधारित बालसमूहको प्रतिनिधित्व अर्थपूर्ण सहभागिता भएको । -वि.व्य.स.को बैठकमा आमन्त्रित अर्थपूर्ण सहभागिता भएको । -बैठकमा अनिवार्य रुपमा धारणा राख्ने अवसर दिएको हुने । -बाल आवाजको उचित सुनुवाई भएको । | • वि.व्य.स. मा बालसमूहको सहभागीता गर्ने (१ बालक १ बालिका) |

| क्र.स. | सेवाप्रवाह सम्बन्धी खानेपानी तथा सरसफाई क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | कृयाकलापहरु |
|---|---|---|---|
| १ | सबै घरधुरीमा आधारभूत खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | -जम्मा घरधुरी संख्या यकीन भएको -प्रत्येक घरधुरीमा आधारभूत खानेपानीको पहुँच भएको । -पानीको शुद्धिकरण जाँच भएको। -पानी सम्वन्धी सचेतना जगाएको । | • घरधुरी संख्या एकिन गर्ने । • पानी जाँच गर्ने • विद्यालय तथा टोलमा सचेतना जगाउने । |
| २ | चर्पी गएपछि बालबालिकाको दिसा धोएपछि र खाना खानुखुवाउनु / न अघि साबु पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | - जम्मा घरधुरी संख्या यकीन भएको -चर्पी भएको घर संख्या भएको । -चर्पी नजिक साबुन पानी भएको । -हातधुने आनीबानी परिवर्तन भएको । | • सबै घर तथा सार्वजनिक संघ संस्थामा चर्पी तथा साबुन पानी भए नभएको अनुगमन गर्ने • टोल टोलमा सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने |
| ३ | प्रत्येक | -जम्मा घरधुरी संख्या यकीन भएको । | • प्रत्येक घरधुरीमा चर्पी भए |

२८.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०९/२९
गणेश चौधरी

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | घरपरिवारले शौचालयको प्रयोग तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | -चर्पी भएको घर संख्या भएको।<br>वडा गाउँपालिका खुला दिसामुक्त घोषणा अध्यावधिक भएको हुने। | नभएको अनुगमन गर्ने<br>• खुला दिसा मक्त घोषणा गर्ने |

| क्र.स. | सेवाप्रवाह सम्बन्धी बालसहभागिता क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | कृयाकलापहरु |
|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बालसंजाल गठन भई क्रियाशिल न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन गरेका हुनेछन्। | -प्रक्रियागत वडा, गाउँपालिका तहमा बालसमूह संजाल गठन भएको हुने।<br>-नियमित रुपमा वर्षको १० पटक बैठक सञ्चालन गरेको हुने।<br>-कार्यक्रम सञ्चालन क्षमता भएको हुने।<br>-सूचीकृत भएको हुने।<br>-वार्षिक ७ पटक अतिरिक्त क्रियाशील भएको हुने। | • नियमित बैठक सञ्चालन गरी छलफल भएको हुनुपर्ने<br>• बल सञ्जाल गठन गर्नुपर्ने<br>• बाल सञ्चालनको क्षमता विकास गर्नुपर्ने र वार्षिक १० पटक बैठक भएको हुनुपर्ने |
| २ | स्थानीय तहका वस्ती, टोल र विद्यालयहरुमा समावेशी आधारमा बालसमुहको गठन भै क्रियाशिल (न्यूनतम वार्षि ३ वटा वैठक, ३ वटा कार्यक्रम संचालन) रहेका हुनेछन्। | -प्रक्रियागत विद्यालय टोल वस्तीमा बालसमूह गठन भएको हुने।<br>-नियमित रुपमा वर्षको १० पटक बैठक सञ्चालन गरेको हुने।<br>-सूचीकृत भएको हुने।<br>-क्रियाशील भएको हुने। | • नियमित रुपमा बाल सञ्जालको बैठक बसाएको हुनुपर्ने।<br>• बाल समूहको क्षमता विकासका लागी कृयाकलाप सञ्चालन गरेको |
| ३ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुने। | -वडा, पालिकाले वार्षिक बालभेला द्धारा योजना छनौट गरेको।<br>-योजनाको प्राथमिकता निर्धारण भएको।<br>-वडा, गाउँपालिकाद्धारा स्वीकृत गरेको।<br>-योजना बालबालिकाका लागि तयार संग मिलान गरी कार्यान्वयन गरेको हुने। | • वैशाखको तेस्रो हप्ता लैससास अनुसार बाल भेला गर्नु बालभेलाबाट योजना छनौट गरी वडामा लैजाने<br>• |

| क्र.स. | सेवाप्रवाह सम्बन्धी बालसंरक्षण ,महिला बालबालिका क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | कृयाकलापहरु |
|---|---|---|---|
| १ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ। | -१८ वर्ष सम्मको जम्मा बालबालिका संख्या यकीन भएको।<br>-१४ वर्ष भन्दा कम उमेरमा बालश्रममा रहेको बालबालिकाको संख्या यकीन भएको।<br>-१४ देखि १८ वर्षमा निकृष्ट जोखिमपूर्ण कार्यमा रहेका बालबालिकाको संख्या (गिट्टि, ढुङ्गा, यातायात, कारखाना, होटल, भरिया) | • वड्घर, बाल समिति, बालसमूहसहितको बैठक गर्ने<br>• वडा समिति, बाल समिति, बाल क्लब परिचालन गर्ने तथा संकलन गर्ने<br>• सम्बन्धित निकायसंग समन्वय गर्ने। |

२९.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०९/२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| | | एकीन भएको । -बालश्रमिक पूर्नस्थापना योजा बनेको र कार्यान्वयन भएको । -अनाथ,असहाय, जोखिममा परेका बालबालिकालाई शिक्षा र रोजगारको व्यवस्था भएको हुने । | |
| २ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | -आधार वर्षमा जम्मा विवाह भएको संख्या यकीन हुने । -२० वर्ष मुनी विवाह भएको संख्या यकीन हुने । -विवाह दर्ता अभिलेख अध्यावधिक भएको । -वडा, पालिका बालविवाह मुक्त घोषणा भएको र शाखाले प्रमाणीकरण गरेको । | • विवाहको लायि स्थानीय तहबाट विवाह सिफारिस लिएको हुने । • टोल समुदायमा गोप्यरुपमा विवाह हुने भएमा सम्वन्धित क्षेत्रमा जानकारी गराउने |
| ३ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | -हिंसा क्षेत्र पहिचान गरेको हुने । -कानुनी परामर्श गरेको हुने। -वार्षिक तुलनात्मक मापन भएको हुने । | • प्रहरी साझेदारी कार्यक्रम गरेको हुने • समुदायमा सचेतनामुलक काम गर्ने |
| ४ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ । | -बालसंरक्षण प्रणाली पहिचान भएको हुने । -क्षमताको विकास भएको हुने । -कर्तव्य बोध भएको हुने । | • टोलटोलमा बाल समुह गठन गर्ने-, लगत लिने । • बालबालिका केन्द्रित क्षेत्रमा उत्प्रेरणात्मक कार्यक्रम गर्ने । |
| ५ | छापपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | -यस्ता प्रकारका कुप्रथाको पहिचान भएको । -विभिन्न सचेतनामूलक गतिविधि सञ्चालन भएको हुने । | • गलत प्रथा प्रति सामाजिक अभियान चलाउने • गलत परम्परा रोक्ने बहिस्कारको / । कार्यक्रम गर्ने |
| ६ | स्थानीय तह, समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका को (भएमा) संरक्षण गर्न विशेषव्यवस्था गरेका हुनेछन् । | -असहाय बालबालिकाको संख्या यकीन भएको हुने । -गाउँपालिका द्धारा विशेष व्यवस्था गरेको हुने । -बालकल्याण अधिकारी नियुक्ति भएको । | • असहाय बालबालिकाको संरक्षण सक्रिय गर्ने भएमा पूनस्थापना गर्ने । • नियमित बाल संरक्षणको व्यवस्था मिलाउने । |
| ७ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ (सडक बालबालिका | -सडक बालबालिकाको संख्या एकीन भएको हुने । -व्यवस्थापन भएको हुने । | • सडक बालबालिका भएमा आवश्यक व्यवस्थापन गर्ने • जिवनोपयोगी सिप सिकाउने • सम्वन्धित तहमा व्यवस्थापन गर्ने |

२०८२.०१.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/३१
गणेश चौधरी

गैरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | भएकोमा व्यवस्थापन भएको हुनेछ। | | |
| ८ | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएका। | -कुलतमा बालबालिकाको संख्या यकीन भएको हुने।<br>-बालसुधार गृहको व्यवस्था भई वडा, नगरपालिका द्धारा अनुगमन भएको।<br>-समुदाय, विद्यालय स्तरीय समुदाय प्रहरी कार्यक्रम सञ्चालन गरेको। | • सचेतनामुलक कार्यक्रम गर्ने<br>• अभिभावकलाई बढी जिम्मेवार बनाउने कार्य छलफल गरिरहने<br>• सम्बन्धित ठाँउसम्म बालबालिकालाई सुधारको लागि राख्ने व्यवस्था गर्ने |

| क्र.सं. | सेवाप्रवाह सम्बन्धी पन्जीकरण क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | -५ वर्ष सम्मको बालबालिकाको संख्या एकीन भएको।<br>-५ वर्ष मुनिको जन्म दर्ता भएको बालक र बालिकाको संख्या यकीन भएको।<br>-जन्मदर्ता अभिलेख अध्यावधिक भएको।<br>-जन्मदर्ता बाँकी बालबालिका यकीन भएको। | जन्मदर्ता अधिलेख किताबमा - प्रमाणित गर्ने।<br>जन्मदर्ता अधिलेख अध्यावधिक - गर्ने। |

| क्र.स. | सेवाप्रवाह सम्बन्धी शासकीय प्रबन्ध ,संस्थागत विकास क्षेत्र | सूचकहरुको सरलीकरण/स्थानीयकरण | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | वडा, गाउँ नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन्। | -नगरपालिका तथा वडामा बाल मैत्री स्थानीय शासन प्रवर्द्धन समित (वडा बालमैत्री समिति) गठन भएको हुने।<br>-बालमैत्री स्थानीय शासन समितिहरुको नियमित बैठक भएको हुने।<br>-निर्माण भएको कार्ययोजना, समिक्षा र संयुक्त अनुगमन नियमित रुपमा भएको हुने।<br>-समित क्रियाशिल भएको हुने। | • वडा पालिका /CFLG घोषणाका लागि समयसान्दर्भिक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन। | -सरोकारवालाहरुको अर्थपूर्ण सहभागिताम बालमैत्री आचारसंहिता तयार गरेको।<br>-कार्यपालिकाले पास गरेको।<br>-छपाई, प्रचार प्रसार गरेको।<br>-आचारसंहिताको कार्यान्वयन र अनुगमन गरेको। | • आचारसंहिता कार्यशाला कार्यपालिकाबाट स्वीकृति, छलफल तथा कार्यान्वयन |
| ३ | गाउँपालिका, नगरपालिकामा कम्तिमा एक बालउद्यान सहितको बालमैत्री सिकाई स्रोतकेन्द्र संचालनमा रहेको हुनेछ। | -बालउद्यान निर्माणका लागि योजना भएको।<br>-बालउद्यान निर्माण भएको।<br>-बालउद्यानमा सिकाई स्रोतकेन्द्र सञ्चालनमा रहेको। | • बाल उद्यान सहित बालमैत्री सिकाई श्रोत केन्द्र सञ्चालक समिति गठन गर्ने।<br>• सिकाई स्रोत केन्द्रमा आवश्यक सामाग्री खरिद गर्ने |

२८-०९-३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०९।३१
गणेश चौधरी

गैड्डी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | बालबालिकाको वस्तुगत विवरणको आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। | -बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण भएको।<br>-वडा बैठकले सिफारिस गरेको।<br>-गाउँकार्यपालिकाले पास गरेको<br>-वार्षिक बजेट विनियोजन भएको।<br>-कार्ययोजना कार्यान्वयन र अनुगमन भएको।<br>-समिक्षा भएको। | • पालिकावडाले लगानी योजना / अनुसार बजेट विनियोजन गर्ने<br>• कार्यान्वयन गर्ने<br>• प्रगति प्रतिवेदन तयार गर्ने |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ, नगर तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रकृयामा समावेश गरिएको हुनेछ। | -वडा, गाउँपालिकाले वार्षिक बालभेला द्धारा योजना छनौट गरेको।<br>-योजनाको प्राथमिकता निर्धारण भएको।<br>-वडा, गाउँपालिकाद्धारा स्वीकृत गरेको।<br>-योजना आवधिक लगानी योजना सँग मिलान गरी कार्यान्वयन गरेको। | • वडापालिकामा योजना छनौट / गर्ने<br>• बजेट विनियोजन र कार्यान्वयन तथा प्रगति विवरण तयार गर्ने |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | -एकिकृत रुपमा बालवस्तुगत विवरण नगरपालिका स्तरीय तयारी भएको।<br>-स्थितीपत्र तयार भई प्रकाशन भएको।<br>-प्रत्येक दुई वर्षमा स्थितीपत्र समिक्षा र अद्यावधिक भएको।<br>-दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना तयार भएको कार्यपालिकाद्धारा पारित भएको। | • सर्भे गर्ने, रिपोर्ट तयार गर्ने तथा प्रकाशन गर्ने |
| ७ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षावाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गरेका हुनेछन। | -यस्ता बालबालिकाको संख्या यकीन भएको हुने।<br>-वडा, गाउँपालिकाको विषयगत योजना तयार भएको हुने।<br>-वडा, गाउँपालिका संघ संस्थाले तालिम सञ्चालन गरेको प्रतिवेदन भएको हुने।<br>-योजना कार्यान्वयन गरेको हुने। | • व्यवसायीक तथा सिपमूलक तालिमहरु सञ्चालन गर्ने<br>• बजेट विनियोजन<br>• समन्वय, सहकार्य गर्ने |
| ८ | स्थानीय तहमा रहेका प्रहरी कार्यालयचौकीहरुमा/ बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ। | -गाउँपालिका स्तरमा रहेको जनपद प्रहरीको कार्यालयमा बालमैत्री सम्पर्क एकाई वा कक्षको स्थापना गरेको हुने।<br>-बाल आवाजको सुनुवाई भएको हुने। | • प्रहरी चौकीहरुलाई बालमैत्री कक्ष स्थापनाको लागी अनुरोधसमन्वय गर्ने/<br>• बजेट विनियोजन, लागत अनुमान कक्ष स्थापना र सञ्चालन |
| ९ | बसपार्क, सिनेमहल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी | -यस्ता ठाउँको अवस्था अनुगमन भएको हुने।<br>-अवस्थाको प्रतिवेदन तयार भएको हुने।<br>-उचित निर्माण व्यवस्थापन भएको | • आवश्यकताको आधारमा शौचालय र बालमैत्री खानेपानी धाराको निर्माण गर्ने। |

२०८२.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०९/३१
गणेश चौधरी
अध्यक्ष

CamScanner

गौरी गंगा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १० | स्थानीय तहको विपत व्यवस्थापन योजनामा विपतको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ | -गाउँपालिकास्तरीय बालकोषको स्थापना भएको हुने । -सञ्चालन कार्यविधि तयार र स्वीकृत भएको हुने । -गाउँपालिका बालकेन्द्रित विपत जोखिम न्यूनीकरण सम्बन्धी योजना तयार गरेको हुने । | • प्रत्येक वडामा विपद सामाग्रीको जगेडा गर्ने • बाल सहभागीता गराउने • बालकोषको स्थापना गर्ने । • विपद प्रति कार्य योजनामा बाल केन्द्रित विपद प्रतिकार्य योजना तयार गर्ने । |
| ११ | विपदको समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | -वडा, गाउँपालिकास्तरीय विपद व्यवस्थापन समिति भएको हुने । -विपद पूर्व व्यवस्थापन सहयोग सामाग्रीको भण्डार व्यवस्था भएको हुने । | • बालबालिकालाई विपदको समयमा राहत दिने, संरक्षण गर्ने, पुनस्थापना गर्ने । • बालमनोपरामर्श सम्बन्धी अभिमुखीकरण गर्ने । |
| १२ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना, समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाहरुको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | -विभिन्न बाल सान्द्रभिक समिति संरचनाहरमा सहभागिताका लागि निर्णय भएको । -बालसहभागिता भएको आधार अभिलेख भएको । | • प्रत्येक समितिहरुमा १ बालक १ बालिकाको सुनिश्चित सहभागीता गराउने • सहभागीता मापन स्वरुप वडाले प्रमाणित गर्ने |
| १३ | स्थानीय तहको प्रशासकीय भवनमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | -गाउँपालिका तथा वडा र स्वास्थ्य चौकीहरुको भवनमा स्तनपान कक्षको व्यवस्था भएको हुने । -कक्षको प्रयोग भएको हुने। -कक्षमा सिकाई, सचेतना मुलक सन्देशको झलक भएको हुने । | • वडाय गाउँपालिका प्रशासकी/ भवनमा स्तनपान कक्षको निर्माणगर्ने । |

२०७८.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७८।०९।३१
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. १३ :- बालमैत्री आचारसंहिता सम्बन्धमा ।

निर्णय नं. १३ :- प्रस्तान नं. १३ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धनको अभियानलाई सार्थक वनाउन तथा २०८३ माघ मसान्त सम्ममा यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको कार्य गर्ने/गराउने प्रकृया कार्यान्वयन गर्न गराउन बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम जानकी गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा मिति २०८२ बैशाख ३१ गते तयार गरिएको बालमैत्री आचारसंहिता सम्वन्धी तपसील वमोजिमको अन्तिम मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:-

## बालबालिकाले पालन गर्ने आचारसंहिता

१. २० वर्ष मुनिका बालबालिकाले बालविवाह नगर्ने ।
२. बालबालिकाले लागु औषध कुलतमा नलाग्ने ।
३. सामुदायिक क्रियाकलापमा सहभागी हुने ।
४. बाल सञ्जाल/बाल समूहको बैठकमा सहभागी हुने ।
५. क्षमता अनुसारको जीवन उपयोगी सिप सिक्ने ।
६. विद्यालयको अनुशासनको पूर्ण रुपले पालना गर्ने ।
७. विद्यालयमा नियमित पोशाकमा जाने ।
८. बालविवाह / बालश्रम गरेको पाइएमा वडा कार्यालयलाई जानकारी गराउने ।
९. आफु भन्दा ठुलालाई आदर तथा सानालाई माया गर्ने बानीको विकास गर्ने ।
१०. अभिभावकले भनेका कुरा आचरणमा ल्याउने ।
११. मध्यपान, धुम्रपान तथा सुर्तीजन्य पदार्थको ओसारपसार तथा प्रयोग नगर्ने ।
१२. छिमेकीहरु संग मैत्रीपूर्ण र सहयोगी व्यवहार गर्ने ।
१३. डिजिटल सञ्चार माध्यमको सदुपयोग गर्ने ।
१४. सत्य बोल्ने र इमान्दार हुने ।
१५. आफ्नो कोठा सरसफाई र व्यक्तिगत समानहरुको हेरचाह गर्ने ।
१६. सामुदायमा लागुपदार्थ न्यूनिकरण गर्नका लागि सचेतना कार्यक्रम संचालन गर्ने ।
१७. विद्यालयको नियम समयलाई पालना गर्ने
१८. बाल सञ्जाल/ बाल समूह मार्फत अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

## विद्यालयसंघ संस्था/व्यापारी/ले पालना गर्ने आचारसंहिता

### विद्यालयले पालना गर्ने आचारसंहिता

१. भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री गर्ने ।
२. बालबालिकालाई शारिरीक र मानसिक यातना नदिने ।
३. विद्यालयमा स्वच्छ, स्वस्थ, सुन्दर र समाहित वातावरण बनाउन गुनासो सुनुवाइको प्रबन्ध गर्न।
४. बालमैत्री व्यवाहार र बोली अनुरुप पठनपाठन गर्ने ।
५. विद्यालयका सम्पूर्ण गतिविधिमा विद्यार्थीलाई सहभागी गराउने ।
६. विद्यालयमा भयरहित वातावरण सृजना गर्ने ।
७. अपाङ्ग, असहाय, विपन्न बालबालिकाका लागि विशिष व्यवस्था गर्ने ।
८. विद्यालय भित्र बजारमा पाइने Junk Food मा प्रतिबन्ध गर्ने ।
९. विद्यालय सञ्चालनमा अभिभावकको सहभागीता वृद्धि गर्ने ।
१०. तोकिएको समयमा शिक्षकहरु विद्यालय पोशाकमा उपस्थित हुने ।
११. बालमैत्री शिक्षण वातावरणको सुनिश्चित गर्ने ।

२२.०१.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।३१
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टुणी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१२. भर्ना अभियान गरी प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्ने ।

१३. विद्यालय निर्धारित समय सम्म सञ्चालन गर्ने ।

१४. प्रचलित कानूनको अधीनमा रहि विद्यालय सञ्चालन गर्ने ।

१५. विद्यालयले हुन गईरहेको बालविवाह पत्ता लगाई वडालाई जानकारी दिने ।

१६. विद्यालयमा PTA शिक्षक अभिभावक संघको गठन गरी क्रियाशील हुने ।

१७. अभिभावक भेलाको आयोजना गरी अभिभावक शिक्षा दिने ।

१८. विद्यालयमा विद्यार्थी सँग विपत पूर्व सचेतना सत्र सञ्चालन गर्ने ।

१९. विद्यालयले बालसंरक्षण नीति तयार गरी कार्यान्वयन गर्ने ।

**व्यापारीले पालना गर्ने आचारसंहिता**

१. विद्यालय देखि १००मि. दुरी भित्र धुम्रपान, मध्यपान र सुर्तीजन्य वस्तुको विक्रि वितरण नगर्ने ।

२. बालश्रम पूर्ण रुपमा बन्द गर्ने ।

३. विद्यालय नजिक junk food को विक्रि वितरण नगर्ने ।

४. म्याद गुज्रेका वस्तुको विक्रि वितरण नगर्ने ।

५. बालबालिका प्रति दुर्व्यवहार नगर्ने ।

**संघ संस्थाले पालना गर्ने आचारसंहिता**

१. विद्यालयमा बाल क्लब, बाल समूह र यू-रे ससँग सहकार्य गरी व्यक्तित्व विकासका र चेतनामूलक कार्यक्रम गर्ने ।

२. बालअधिकार संरक्षण बाल शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

३. अपाङ्ग, असहाय, विपन्न बालबालिका पहिचान गरी उनीहरुको विकासका लागी कार्यक्रम सञ्चालन गर्ने ।

**अभिभावकले पालना गर्ने आचारसंहिता**

१. गर्भावस्थामा महिलालाई नियमित गर्भजाँच गराउने ।

२. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति र उत्तर प्रसुति जाँच गराउने तथा आफ्नो शिशुको

३. जन्मदर्ता गराउने ।

४. आफ्ना छोराछोरीहरुलाई उमेर अनुसार खोप तालिका बमोजिम समयमै खोप पुरा गर्ने।

५. आफ्ना छोराछोरीलाई २ वर्ष सम्म हरेक महिना नियमित वृद्धि अनुगमन गराउने ।

६. वर्षको २ पटक खुवाईने भिटामिन 'ए' र जुकाको औषधी खुवाउन आफ्ना छोराछोरीलाई लैजाने ।

७. विद्यालयमा अनिवार्य भर्ना गराई पठनपाठन गराउने ।

८. विद्यालयमा सिकेका कुराहरु घरमा छलफल गराउने, गृहकार्यमा सहयोग गर्ने ।

९. छोराछोरीको अगाडी आमाझ-बाबुले झै-गडा तथा अभद्र व्यवाहार नगर्ने ।

१०. आफ्ना छोराछोरी विद्यालय पोशाकमा नियमित रुपमा विद्यालय पुर्याउने र ल्याउने व्यवस्था गर्ने ।

११. छोराछोरीहरुको अगाडी धुम्रपान तथा मध्यपान, लागु औषध सेवन नगर्ने ।

१२. आफ्ना छोराछोरीलाई धुम्रपान, मध्यपान, लागु औषध जस्ता पदार्थको ओसारपसारमा नलगाउने ।

१३. बालबालिकाहरुलाई पढाईमा असर पुग्ने गरी अधिक कामा नलगाउन र श्रमशोषण नगर्न

१४. बालबालिकालाई जोखिमपूर्ण काममा नलगाउने ।

८२.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०९/३१
गणेश चौधरी

CamScanner

गौरीगंगा / जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर/टिकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१५. बालबालिकालाई नियमित पठनपाठन र खेलकुद सिर्जनशिल कार्यमा संलग्न गराउने ।
१६. बालबालिकाहरुलाई २० वर्ष नपुगि विवाह गर्न नदिने ।
१७. विभिन्न बैठक तथा बालसमूहमा अर्थपूर्ण सहभागी गराउने ।
१८. बालबालिकाका समस्यालाई समयमै पहिचान गरी समाधान गर्ने ।
१९. छोराछोरीमा विभेद नगरी शिक्षा, स्वास्थ्य र पोषिलो खानको व्यवस्था गर्ने ।
२०. जिवन उपयोगी व्यवहारिक सिपहरु सिक्न बालबालिकाहरुलाई सहयोग गर्ने ।
२१. बालबालिकाहरुलाई सम्मानजनक शब्द प्रयोग गरी बोलाउने र मैत्रीपूर्ण व्यवहार गर्ने ।
२२. बालबालिकाको सर्वाङ्गिण विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।
२३. घरघरमा करेसाबारी निर्माण गरी गुणस्तरीय, स्वस्थकर तथा पोषिलो खानेकुराको व्यवस्था गरिदिने।
२४. आफ्नो छोरा छोरीलाई विपतबाट जोगिने बारे आवश्यक ज्ञान दिने ।
२५. आफ्ना छोरी छोराको विवाह गर्नु पूर्व जन्मदर्ता पेश गरी वडा कार्यालयबाट अनुमति लिने ।
२६. अभिभावकले आफ्ना छोरा छोरीको गृहकार्य चेक गर्ने ।
२७. समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
२८. ५ वर्ष मुनीका बालबालिकालाई आमा बाबुको माया बाट टाढा नराख्ने ।
२९. शारीरिक व्यायाम, योगा कार्यमा संलग्न हुन प्रेरित गर्ने ।
३०. बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने ।
३१. अभिभावक समक्ष निर्धक्क सँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने ।
३२. स्तनपान, खोप, जन्मदर्ता तथा गर्भवती आमाको गर्भजाँच, स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रति सचेत रहने ।
३३. बालबालिकाद्धारा मध्यपान, धुम्रपान, सुर्तिजन्य वस्तु विक्रि वितरण नगराउने ।
३४. बालबालिकाहरु घरमा पढ्न लेख्न, खान, सुत्न, खेल्न, घरायसी सघाउ र सञ्चार सम्बन्धी आधुनिक प्रविधिको उचित प्रयोग गर्न समय तालिका बनाउने ।
३५. नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोपहरु लगाउने व्यवस्था मिलाउने ।
३६. अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।
३७. बालबालिकालाई हिंसा दुर्व्यवहारबाट कसरी बच्ने जानकारी दिने ।
३८. नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने, काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने ।

## वडा तथा गाउँपालिकाले पालना गर्ने आचारसंहिता

१. CFLG घोषणा गर्ने ।
२. CFLG घोषणा कार्यान्वयन दिगोपनका लागी वजेटको व्यवस्था गर्ने ।
३. बाल उद्यान सहित बालमैत्री सिकाई स्रोत केन्द्रको व्यवस्था गर्ने ।
४. बाल विवाहमुक्त, बालश्रममुक्त वडा घोषणा गर्ने / रोकथामका लागि आवश्यक पहल गर्ने ।
५. विभिन्न संघसंस्थासँग आवश्यक पहल गर्ने ।
६. बालमैत्री सम्बन्धी विभिन्न नीति, निर्देशिका, कार्यविधि, मापदण्ड स्वीकृत र कार्यान्वयन गर्ने ।
७. सामाजिक कुरिती, कु-सँस्कृति तथा विभिन्न कु-प्रथाको अन्त्यका लागी सचेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन गर्ने गराउने ।
८. वडा/पालिकास्तरमा गठित विभिन्न समितीहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्ने ।
९. बालबालिकाहरुमा हने गरेको विभिन्न हिंसा अन्त्यका लागी आवश्यक कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

७८.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७८/०९/३१
गणेश चौधरी
अध्यक्ष

१०.विपद्को समयमा प्रभावित बालबालिकाहरुको पुनर्स्थापना गर्न आवश्यक संयन्त्रहरुको निर्माण गर्ने, विपद सामाग्रीहरुको जगेडा व्यवस्था गर्ने ।

११.विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुको लागी जिवनोपयोगी सिप/ उद्यम विकास/ प्राविधिक सिप विकास तालिमको व्यवस्था गर्ने ।

१२.बालमैत्री सिकाइ श्रोतकेन्द्रको प्रबन्ध गर्ने ।

१३.वडा / पालिकाहरुमा शैक्षिक विद्यालय संस्थाहरुमा आवश्यक्ता हेरी स्तनपान कक्षको व्यवस्था गर्ने ।

१४.विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५.अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

१६.बालबालिका सम्बन्धी वस्तुगत विवरण तयार, अद्यावधिक गर्ने ।

१७.पोषण मैत्री पालिका, खुल्ला दिसामुक्त, पूर्ण खोपयुक्त पालिका घोषणाका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

१८.बालविवाह, बालश्रम गर्ने गराउनेलाई कानूनी दायरामा ल्याउने ।

१९.विद्यालय हाता भित्र मध्यपान, धुम्रपान, सुर्तिजन्य वस्तु प्रयोग निषेध गर्ने ।

२०.बालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता विकासकालागि अवसर दिने ।

२१.हिंसा पीडित असहाय बालबालिकालाई पुर्नस्थापना केन्द्रको स्थापना गर्ने ।

२२.स्थानीय मेला, पर्व, जात्राको आयोजना पूर्व वडा कार्यालयबाट अनुमति लिने ।

२३.पालिकाले निर्माण गर्ने भौतिक संरचना बालमैत्री अपाङ्गमैत्री निर्माण गर्ने ।

२४.विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, फरक क्षमता मैत्री निर्माण गर्ने ।

२५.बालकेन्द्रित विपत जोखिम सम्बन्धी पूर्व योजना तयार गर्ने र आवश्यक सामाग्रीको जगेडा राख्ने ।

२६.बालबालिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई प्रशासनको सहयोग लिई दण्डित गर्ने ।

२७.बालभेलाद्धारा वार्षिक बालमैत्री योजना छनौट गरी कार्यान्वयनका लागि वार्षिक योजनामा समावेस गर्ने ।

२८.विद्यालय स्तरीय प्रजनन स्वास्थ्य, पोषण, आत्मारक्षा सम्बन्धी अन्तरक्रियाको व्यवस्था गर्ने ।

२०७९.०९.३१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९/०९/३१
गणेश चौधरी
अध्यक्ष

CamScanner